नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

## आ.ब. २०७३।७४ को सोधभर्ना श्रोतको वजेट निकासा फुकुवा कार्यविधि तथा आयोजना लेखा सिफारिस गर्ने सम्वन्धमा

**१) प्रथम चौमासिक निकासा:**

१.१ बैदेशिक श्रोत नगद ऋण तथा अनुदान (Pre Funding) बाहेकको भुक्तानी/निकासा दिन यस कार्यालयको फुकुवा आदेश आवश्यक नपर्ने,
तर नयाँ आयोजनाको सम्वन्धमा आयोजना सन्चालनको लागि नेपाल सरकार र दातृ निकाय विच ऋण वा अनुदान सम्झौता भई ऋण वा अनुदान सम्झौता प्रभावकारी (Effective) भई सकेको र प्रथम चौमासिक अवधि सम्म ऋण वा अनुदानको म्याद वाकी भएको हुनु पर्ने छ ।

**२) दोश्रो चौमासिक फुकुवा लिन**

२.१ आ.व. २०७२।०७३ सम्मको सोधभर्ना लिन बाँकी सबै रकम सोधभर्ना प्राप्त भैसकेको हुनुपर्ने । सो नभएमा अर्थ मन्त्रालयबाट सोधभर्ना बक्यौता रहे पनि श्रोत फुकूवा दिन सिफारिस भै आउनु पर्ने ।

२.२ आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको ढाँचामा आ.ब. २०७२।०७३ को आयोजना लेखा (लेखा परिक्षण नभएको) पेश भएको हुनु पर्ने । आयोजना लेखा (लेखा परीक्षण नभएको) पेश गर्नु नपर्ने दातृ निकायहरुको स्रोत तर्फको हकमा दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकिकृत विवरण पठाएको जानकारी र विवरण पेश गर्नु पर्ने ।

२.३ Implementation Progress Report/Financial Monitoring Report (IPR/FMR) प्रणालीबाट सोधभर्ना हुने आयोजनाहरुले आ.व. २०७२।०७३ को तेश्रो चौमासिकसम्मको प्रतिवेदन पठाएको प्रति पेश गर्नु पर्ने । निकासा माँग गरेको मितिमा प्रथम चौमासिक अबधिको IPR/FMR पठाउने मिति (चौमासिक अवधि समाप्त भएको ४५ दिन भित्र) नाघेको भए प्रथम चौमासिक अवधिको IPR/FMR दातृनिकायलाई पेश गरि यस कार्यालयलाई एक प्रति पेश हुनु पर्ने ।

२.४ सोधभर्ना वा कोषपुर्तिको लागि माँग पत्र/ FMR दातृ निकायमा पठाएकोमा सो को एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने ।

२.५ आ.व. २०७२।०७३ सम्मको सोधभर्ना आंशिक मात्र प्राप्त भएको भए कुन कुन माँग पत्र (Withdrawal Application) / FMR को रकम प्राप्त नभएको हो सोको कारण सहितको विवरण देहायको ढाँचामा पेश गर्नु पर्ने ।

| माँगपत्र/FMR | | | माँग गरेको रकम | | | | सोधभर्ना प्राप्त गरेको रकम | | | | सोधभर्ना प्राप्त नभएको कारण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विदेशी मुद्रामा | | | | विदेशी मुद्रामा | | | |
| नंबर | मिति | दातृ निकाय | रुपैयामा | मुद्राको नाम | सटही दर | विदेशी मुद्रा | रुपैयामा | मुद्राको नाम | सटही दर | विदेशी मुद्रा | |
| | | | | | | | | | | | |

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

२.६ आ.व. २०७२।०७३ को तेस्रो चौमासिक सम्मको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार सोधभर्ना श्रोतमा खर्च देखिएको तर दातृ निकायसंगको सम्झौताको शर्त अनुसार तत्काल दातृ निकायबाट सोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र पेश्कि, अन्य पेश्की आदि रकम बास्तबिक खर्च भै नसकेको कारणले सोधभर्ना तत्काल प्राप्त हुन नसक्ने आयोजना/कार्यक्रमको हकमा त्यस्तो रकम यकिन गरी सो को प्रतिवेदन सहित सम्बन्धित मन्त्रालयबाट फुकुवा सिफारीश भै आएको हुनुपर्ने ।

२.७ बजेटमा स्रोतगत बाँडफाँट फरक भै खर्च भएको तर दातृ निकायसंगको सम्झौता अनुसार सोधभर्ना प्राप्त हुन नसक्ने, सोधभर्ना स्रोतबाट खर्च भै वक्यौता हिसाबमा सोधभर्ना लिन बाँकी देखिएको रकम आ.व. २०७१।०७२ सम्मको भए स्रोतान्तर भै हिसाब मिलान भै सकेको हुनु पर्ने आ.व. २०७२।०७३ को मात्र भए अर्थ मन्त्रालयमा श्रोतान्तरको लागि पेश भएको पत्रको बोधार्थ वा प्रतिलिपी पेश हुनु पर्ने

२.८ नयाँ सम्झौता भएको योजनाको हकमा दातृ निकायसँग भएको सम्झौताको प्रति ( Financing Agreement, Disbursement letter, Project Appraisal Document वा यस्तै सम्झौतासँग सम्बन्धित कागजातहरु) पेश गर्नु पर्ने ।

२.९ बजेट अख्तियारी, स्विकृत कार्यक्रम, जिल्लागत बाँडफाँट हुनेमा जिल्लागत र स्रोतगत बाँडफाँट, अख्तियारी एवं स्विकृत कार्यक्रम पेश गर्नु पर्ने ।

२.१० आयोजनाको सम्झौताको म्याद, सम्झौतामा सोधभर्ना रकमको बजेट, बजेट मध्येको हालसम्मको खर्च, सो मध्ये सोधभर्ना भएको र सोधभर्ना बाँकी रकम स्पष्ट हुने गरी आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २८ बमोजिम अनुसूची ४ को विवरण र नियम ३७(५) वमोजिम आ.व. २०७२।०७३ को तेश्रो चौमासिकसम्मको अनुसूची-८ को प्रतिवेदन पेश गर्नु पर्ने

२.११ परियोजनाको नाममा खोलिएको विशेष खाताको हिसाब Reconcile Statement र Bank Statement को प्रति मासिक रुपमा प्राप्त भएको हुनु पर्ने ।

२.१२ यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी र कार्यक्रम समायोजन भैसकेको हुनुपर्ने ।

२.१३ महालेखा नियन्त्रक कार्यालय, सोधभर्ना शाखामा रहेको आयोजनागत/स्रोतगत सोधभर्ना वक्यौता हिसाबसँग आयोजनाको हिसाब भिडान भएको हुनु पर्ने ।

२.१४ निकासा फुकुवा दिने मितिमा सम्झौता अनुसार दातृ निकायमा आयोजना लेखा (Audited) बुझाउनु पर्ने अवधि नाघिसकेको भए आयोजना लेखा(Audited) बुझाएको हुनु पर्ने ।

२.१५ नेपाल सरकार र दातृ निकाय बीच सहायता सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुलाईमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोभभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको रकमको हिसाबको प्रमाणित बिबरण पेश गरि सो रकम कट्टा गरी मात्र निकासा फुकुवा माग गर्ने ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

## ३) तेश्रो चौमासिक फुकुवा लिन

३.१ चालु आर्थिक २०७३।०७४ को प्रथम चौमासिकमा बैदेशिक सहायताबाट संचालित आयोजनाहरुमा शोधभर्ना हुने बैदेशिक श्रोतमा भएको खर्चको दातृ निकायबाट सोधभर्ना प्राप्त गरि सकेको बिबरण पेश हुनु पर्ने ।

३.२ आयोजनाहरुले आ.व. २०७२।०७३ को खर्चको आयोजना लेखा (लेखा परीक्षण भएको) दातृ निकायमा पेश गरि सकेको हुनु पर्ने । आयोजना लेखा (लेखा परीक्षण भएको) पेश गर्नु नपर्ने दातृ निकायहरुको स्रोत तर्फको हकमा दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको एकिकृत वितिय विवरण पठाएको जानकारी र वितिय विवरण पेश गर्नु पर्ने ।

३.३ IPR/FMR प्रणालीबाट सोधभर्ना हुने आयोजनाहरुले आ.व. २०७२।०७३ को प्रथम चौमासिकको IPR/FMR अनुसार सोधभर्ना हुने गरी भएको खर्च रकम सोधभर्ना प्राप्त भैसक्नु पर्ने । निकासा माग गरेको मितिमा दोश्रो चौमासिक अबधिको IPR/FMR प्रतिबेदन पठाउने मिति (चौमासिक अबधि समाप्त भएको ४५ दिन भित्र) नाघेको भए दोश्रो चौमासिक अबधिको प्रतिबेदन दातृ निकायमा पठाई एक प्रति यस कार्यालयलाई पेश गरेको हुनु पर्ने ।

३.४ सोधभर्ना वा कोषपुर्तिको लागि माँग पत्र/ FMR दातृ निकायमा पठाएकोमा सो को एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने ।

३.५ महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार सोधभर्ना श्रोतबाट खर्च देखिएको तर दातृ निकायसंगको सम्झौताको शर्त अनुसार तत्काल दातृ निकायबाट सोधभर्ना प्राप्त नहुनु धरौटी, प्रतित-पत्र पेश्कि आदि र नेपाल सरकारसंग सहायक ऋण/अनुदान सम्झौता गरी रकम निकासा लिने तर खर्च गरी नसकेको कारणले सोधभर्ना तत्काल प्राप्त हुन नसक्ने आयोजना/कार्यक्रमको हकमा त्यस्तो रकम यकिन गरी सम्बन्धित मन्त्रालयबाट फुकुवा सिफारीश भै आएको हुनुपर्ने ।

३.६ यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी र कार्यक्रम समायोजन भैसकेको हुनुपर्ने ।

३.७ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७(२) (घ) अनुसार चालु आ.व.को दोश्रो चौमासिकसम्मको सोधभर्ना तर्फको रकम र श्रोतगत रुपमा फरक पारी खर्च भएको वा Joint Financing Agreement अनुसार संशोधन गरी बजेट मिलान गर्नु पर्ने भए सो समेत सोही नियमावली को नियम ३८(१) अनुसार अर्थ मन्त्रालयबाट नियमित भै सकेको अर्थ मन्त्रालयको पत्र प्राप्त भैसकेको हुनु पर्ने ।

३.८ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३७(५) वमोजिमको पहिलो चौमासिकको अनुसूची ४ र ८ को विवरण पेश गर्नुपर्ने ।

३.९ परियोजनाको नाममा खोलिएको विशेष खाताको हिसाब Reconcile Statement र Bank Statement को प्रति मासिक रुपमा प्राप्त भएको हुनु पर्ने ।

३.१० दोश्रो चौमासिक सम्मको सोधभर्ना अभिलेख भिडान भैसकेको हुनुपर्ने ।

३.११ नेपाल सरकार र दातृ निकाय बीच सहायता सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वयत्त संस्थाहरुलामा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोभभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको रकमको हिसाबको प्रमाणित बिबरण पेश गरि सो रकम कट्टा गरी मात्र निकासा फुकुवा माग गर्ने ।

**आयोजना लेखा सिफारिस गर्ने सम्वन्धमा**

- बैदेशिक श्रोत समावेश भएका आयोजनाहरुको दातृ निकायमा पेश गरिने आयोजना लेखाको सम्वन्धमा सामान्यतया लेखापरिक्षण नभएको आयोजना लेखा (Un-Audited Project Account) कार्तिक मसान्त भित्र र लेखापरिक्षण भएको आयोजना लेखा ( Audited Project Account) पौष मसान्त भित्र पेश गरि सक्नु पर्ने छ ।
- आयोजना लेखा सिफारिसको लागि यस कार्यालयमा पठाउदा सम्वन्धित मन्त्रालय मार्फत मन्त्रालयको लेखाप्रमुख र सचिवज्यूको दस्तखत गरी पठाउनु पर्ने छ ।
- एउटै वजेट उप-शिर्षकवाट दुई वा दुई भन्दा वढी आयोजनाहरुले निकासा खर्च गर्ने अवस्था भएमा आयोजनागत निकासा खर्चको विवरण सम्वन्धित मन्त्रालय वा Coordinator कार्यालयवाट एकिकृत गरी सकभर एकै पटक आयोजना लेखा पेश गर्नु पर्ने छ ।
- सम्वन्धित निकायवाट सिफारिसको लागि पेश भएका आयोजनालेखा यस कार्यालयमा रहेको अभिलेख संग भिडान गरी आयोजना लेखा प्रमाणित वा सिफारिस गर्न अनुमानित कम्तीमा ३ दिन लाग्ने हुदा सोहि अनुसार समय तालिका मिलान गर्नु पर्ने छ ।